नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ
## स्याङ्जा

फोन नं. ०६३–४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

**कृषक संस्था सूचिकृत तथा नविकरण सहित स्वीकृत वार्षिक कार्यक्रमहरूमा आवेदन पेश गर्ने सम्बन्धी प्रकाशित सूचना!!!**

सूचना नं.-०१ | प्रथम पटक प्रकाशित मितिः२०८३।०४।१५

चालु आ.व. २०८३/०८४ मा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, स्याङ्जा अन्तर्गत तपसिलका कार्यक्षेत्रहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले सोही कार्यक्षेत्र भित्र पर्ने वा कार्यक्षेत्र बनाई सम्बन्धित सरकारी निकायमा कानुन बमोजिम नियमानुसार दर्ता भएका/नियमित नविकरण गरिरहेका इच्छुक कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता/कृषि उपज बजार समिति/कृषि तथा पशुजन्य उद्योग/उद्योगी/कृषि फर्महरुलाई आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३८ औं दिन अर्थात् (मिति २०८३।०५।२२ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइको कार्यालय स्याङ्जा वा प्राविधिक एकाइ वालिङ् (गाई/भैंसी जोन) वा चापाकोट (आँप/लिचि जोन) आई सूचिकृत/नविकरण गर्नु हुनका लागि सम्बन्धित सबैमा जानकारी गराइन्छ। रित नपुगी पेश हुन आएको निवेदकलाई सूचिकृत/नविकरण गरिने छैन। सूचना कार्यालयको वेबसाइट http://piusyangja.pmamp.gov.np/ मा र यस कार्यालयको सूचना पाटीमा समेत उपलब्ध छ। साथै थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

नोटः गत आ.व.हरुमा सूचिकृत भएका कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि उद्यमी/कृषि फर्महरुले पुन संस्थाको अध्यावधिक विवरण सहित नविकरण गर्नु पर्नेछ। साथै नयाँ सूचिकृत हुने कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि उद्यमी/कृषि फर्महरुले जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात (लालपुर्जा) वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्षको र निर्माण पूर्वाधारको लागि १० वर्षको लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

**तपसिल (कृषक संस्था सूचिकृत तथा नविकरणका लागि जोन कमाण्ड क्षेत्रहरूको विवरण)**

<table>
<tr><th>क्र.स.</th><th>जोन/सुपरजोन</th><th>स्थानीय तह</th><th colspan="2">कार्यक्षेत्रहरु</th></tr>
<tr><td>१</td><td>सुन्तला सुपरजोन</td><td>स्याङ्जा जिल्ला भर</td><td colspan="2">कम्तिमा २०० रोपनी (१० हे.) क्षेत्रफल भएका र सम्भावना रहेका कलस्टरहरु समावेश हुने गरी सुन्तला बाली लगाइएका क्षेत्रहरु।</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">आँप/लिचि जोन</td><td>चापाकोट नगरपालिका</td><td colspan="2">सम्पूर्ण वडाहरुको समथर एवं सम्भावित क्षेत्रहरु।</td></tr>
<tr><td>गल्याङ नगरपालिका</td><td colspan="2">वडा नं. १,२,३,९ र ११ को समथर एवं सम्भावित क्षेत्रहरु।</td></tr>
<tr><td rowspan="6">३</td><td rowspan="6">भैंसी जोन</td><td>वालिङ्ग नगरपालिका</td><td colspan="2">सम्पूर्ण वडाहरु।</td></tr>
<tr><td>भीरकोट नगरपालिका</td><td colspan="2">सम्पूर्ण वडाहरु।</td></tr>
<tr><td>गल्याङ नगरपालिका</td><td colspan="2">सम्पूर्ण वडाहरु।</td></tr>
<tr><td>चापाकोट नगरपालिका</td><td colspan="2">सम्पूर्ण वडाहरु।</td></tr>
<tr><td>पुतलीबजार नगरपालिका</td><td colspan="2">वडा नं. ३,४,१०,११,१३ र १४</td></tr>
<tr><td>फेदीखोला गाउँपालिका</td><td colspan="2">वडा नं. १,२, र ४</td></tr>
<tr><td rowspan="8">४</td><td rowspan="8">कफि सुपरजोन</td><td>पुतलीबजार नगरपालिका</td><td>सम्पूर्ण वडाहरु।</td><td rowspan="8">एवं सम्भावित सबै क्षेत्रहरू</td></tr>
<tr><td>भीरकोट नगरपालिका</td><td>वडा नं. ५ र ८</td></tr>
<tr><td>वालिङ्ग नगरपालिका</td><td>वडा नं. ४ र १४</td></tr>
<tr><td>गल्याङ नगरपालिका</td><td>वडा नं. २,७ र ११</td></tr>
<tr><td>अर्जुनचौपारी गाउँपालिका</td><td>वडा नं. १,२ र ६</td></tr>
<tr><td>विरुवा गाउँपालिका</td><td>वडा नं. १ र ४</td></tr>
<tr><td>फेदिखोला गाउँपालिका</td><td>वडा नं. १,२,३ र ४</td></tr>
<tr><td>आँधिखोला गाउँपालिका</td><td>वडा नं. २,३,४ र ६</td></tr>
</table>

०८३।४।१५

अजय अधिकारी
वरिष्ठ कृषि अधिकृत



CS CamScanner

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३-४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

## कृषक संस्था सूचिकृत तथा नविकरण सहित स्वीकृत वार्षिक कार्यक्रमहरूमा आवेदन पेश गर्ने सम्बन्धी प्रकाशित सूचना!!!

**सूचना नं.-०१**

**प्रथम पटक प्रकाशित मितिः २०८३।०४।१५**

**तपसिल (चालु आ.व. २०८३/०८४ मा कृषक संस्थाहरुले आवेदन/प्रस्ताव पेश गर्न सक्ने स्वीकृत वार्षिक कार्यक्रमहरूको विवरण)**

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रू लाखमा) | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| **क** | **सुन्तला सुपरजोनमा सूचिकृत कृषक संस्थाहरूले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरूको विवरण** | | | | | |
| १ | साना सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | १५ वटा | १५ | (५०-८५) (क्रियाकलाप अनुसार) | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | |
| २ | बगैंचा सुदृढिकरण अभियान तथा बाली संरक्षण सेवा | ६८५ हे. | २०.५५ | ५० | | निलोतुथो,चुन,खनिज तेल,कपर सुपर स्टिम पेष्ट, जैविक विषादी आदि। |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | २ पटक | १३ | ५० | | |
| ४ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार | ४० हे. | २४ | ५० | | सुन्तला बगैंचा स्थापना एवं सुदृढीकरणमा सहयोग |
| ५ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढिकरण | २ संख्या | ४.९ | (५०-८५) (क्रियाकलाप अनुसार) | | |
| ६ | प्याकेजिङ, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनिकरणका लागि कार्टुन सहयोग | १ पटक | २.६७ | वढीमा १०० | | |
| ७ | सुन्तला क्षति न्यूनीकरणका लागि जाली सहयोग | १ पटक | १.८९ | वढीमा १०० | | |
| ८ | क्षेत्रगत किरा नियन्त्रण कार्यक्रम | २५० हे. | १३.६५ | वढीमा १०० | | |
| ९ | सिट्रस ग्रीनिङ् रोग नियन्त्रणका लागि रोगी विरूवा व्यस्थापन अभियान | १००० संख्या | २.३८ | वढीमा १०० | | |
| **ख** | **कफी सुपरजोनमा सूचिकृत कृषक संस्थाहरूले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरूको विवरण** | | | | | |
| १ | कफीको संकलन, प्राथमिक प्रशोधन, लेभलिङ प्याकेजिङमा सहयोग | २ संख्या | २.८४ | ५०-८५ (क्रियाकलाप अनुसार) | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | |
| २ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार | ८ हे. | ८ | ५० | | कफी बगैंचा स्थापना एवं सुदृढीकरणमा सहयोग |
| ३ | साना सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ३ संख्या | २.५ | (५०-८५) (क्रियाकलाप अनुसार) | | |
| **क्र.स.** | **कार्यक्रमको नाम** | **लक्ष्य** | **बजेट (रू लाखमा)** | **अनुदानको अधिकतम सीमा (%)** | **कार्यक्रम सञ्चालन मापदण्ड** | **कैफियत** |
| **ग** | **आँप/लिची जोनमा सूचिकृत कृषक संस्थाहरूले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरूको विवरण** | | | | | |
| १ | बगैंचा सुदृढिकरण अभियान तथा बाली संरक्षण सेवा | ८० हे. | २.४ | (५०-१००) क्रियाकलाप अनुसार | परियोजना कार्यान्वय | क्षेत्रगत किरा नियन्त्रण अभियान कार्यक्रम संचालन। |



अजय अधिकारी
वरिष्ठ कृषि अधिकृत
०८३/४/१५

CamScanner

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३-४२४१४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइट: piusyangja.pmamp.gov.np

## कृषक संस्था सूचिकृत तथा नविकरण सहित स्वीकृत वार्षिक कार्यक्रमहरूमा आवेदन पेश गर्ने सम्बन्धी प्रकाशित सूचना!!!

सूचना नं.-०१ | प्रथम पटक प्रकाशित मिति: २०८२।०४।२५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार | १० हे. | ८.५ | ५० | | आँप लिची बगैचा स्थापना एवं सुदृढीकरणमा सहयोग। |
| ३ | साना सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | २ संख्या | २.५ | (५०-८५) (क्रियाकलाप अनुसार | | |
| घ | गाई/भैंसी जोनमा सूचिकृत कृषक संस्थाहरूले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरूको विवरण | | | | | |
| १ | दुग्ध प्रशोधन समाग्री वितरण | ३ (पटक) | ६ | ५० | परियोजना कार्यान्वयन म्यानुअल | |
| २ | दाना बनाउनका लागि मेशिनरी (ग्राइन्डर आदी सहयोग। | २५ संख्या | ५ | ५० | | |
| ङ | चैते धान प्रवर्दधन कार्यक्रममा कृषक संस्थाहरूले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरूको विवरण | | | | | |
| १ | चैते धानको क्षेत्रफल बिस्तार | २० हे. | २.२ | ५० | | बीउ बिजनमा अनुदान |
| २ | कृषि औजार तथा मेशिनरी उपकरण वितरण कार्यक्रम | ८ संख्या | ४.२६ | ५० | | |
| च | स्याङ्जा जिल्लाका कृषक संस्थाहरूले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरूको विवरण | | | | | |
| १ | मल मुत्र व्यवस्थापन सहितको गोठ सुधार | ८ संख्या | ४ | (५०-८५) (क्रियाकलाप अनुसार | परियोजना कार्यान्वयन म्यानुअल २०७७ | |
| २ | विगत आ.व. मा निर्माण भएका कृषि पूर्वाधारहरूको प्रभावकारी संचालनका लागि थप सहयोग | १ पटक | ८ | वढीमा ८५ | | |

**आवश्यक कागजातहरु:**

१) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

२) सम्बन्धित सरकारी निकायमा नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण-पत्रको प्रतिलिपि, कम्तिमा आ.व. ०८१/८२ मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि । (समूह/सहकारी/समितिको हकमा कम्तिमा आ.व. ०८१/८२ को लेखापरीक्षण प्रतिवेदन ।)

३) समूह/सहकारी/समितिहरुको हकमा यस एकाइमा सूचिकृत/नविकरण हुनको लागि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि ।

४) कार्यक्रम कार्यान्वयन एकाइद्वारा तयार गरिएको फर्मेट अनुसारको सम्बन्धित बाली/वस्तुहरुको तथ्याङ्क सम्बन्धि स्पष्ट रुपमा विवरण भरिएको फाराम अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५) जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात (लालपुर्जा) वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्षको र निर्माण पूर्वाधारको लागि १० वर्षको लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

६) **नोटः- कार्यविधि संशोधन भएको खण्डमा संशोधित कार्याविधि अनुसारनै अनुदान प्रदान गरी कार्यक्रम संचालन गरिनेछ। कार्यान्वयनको क्रममा बाधा अड्चन श्रृजना भएका कार्यक्रम रद्द गर्ने सर्वाधिकार कार्यालयमा निहित रहनेछ।**

**थप जानकारीको लागि कार्यालयको Website: piusyangja.pmamp.gov.np, फोन नं ०६३–४२४१४५, ९८५६०५०००८, ९८५६०५२१४५ मा सम्पर्क राख्न अनुरोध छ।**

अजय अधिकारी
वरिष्ठ कृषि [illegible]
०८२/४/१४



CamScanner